३५

# राष्ट्रिय सूचना आयोगको
## आदेश
मु.नं. १४२/२०७१/०७२

काठमाडौं जिल्ला का.म.न.पा.- ७, मैजुबहाल बस्ने रामप्रसाद दाहाल ..........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नापी कार्यालय, चाबहिल, काठमाडौं .................................................१ विपक्षी

सूचना अधिकारी, नापी कार्यालय, चाबहिल, काठमाडौं .................................................१

**विषय :- उजुरी सम्बन्धमा ।**

काठमाडौं जिल्ला का.म.न.पा.- ७, मैजुबहाल बस्ने रामप्रसाद दाहालले नापी कार्यालय, चाबहिल, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२२ को आदेश बमोजिम नापी कार्यालय, चाबहिल, काठमाडौंको मिति २०७१।१०।०२, च.नं. १७३५, प.सं. ०७१/०७२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराईएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।